२०८३ साल, वर्ष ८ , अंक २२ (आषाढ)

लाटोकोसेरो संरक्षण सबैका लागि



# हप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)

## यो अङ्कमा के के छ?


**सम्पादकीय .....३**

**महाभारत र लाटोकोसेरो .....४**

**इसेवाको पहिलो उडान.....५**

**विश्वकप फुटबल र लाटोकोसेरो.....६**

**लाटोकोसेरोकोले पालेको सर्प !.....८**

**संरक्षणकर्मी र संस्थालाई सम्मान.....९**

**पत्रकारको आँखामा 'लाटोकोसेरो तथा हुचील उत्सव'.....१०**

**लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु.....१४**




लाटोकोसेरो (उल्लु) लाई देवी लक्ष्मीको वाहन मानिन्छ।
हिन्दू परम्परामा देवी लक्ष्मीलाई धेरैजसो उल्लुसहित चित्रण गरिन्छ।

# हाम्रो भन्नु



## कृत्रिम गुँडमा देखिएका चुनौतीहरु

हिजोसम्म लाटोकोसेरो लगायत धेरै चराहरू खर, ढुंगा–माटोका घर, धनसार र गोठमा सजिलै बस्थे। त्यसैले होला एउटा लाटोकोसेरोको नाम नै गोठे लाटोकोसेरो रहन गएको छ । तर मानिसको जीवनशैली परिवर्तन हुँदै जाँदा यस्ता पुराना बासस्थान हराउँदै गए र चराहरूले बस्ने ठाउँ पनि गुमाए।

यही आवश्यकतालाई ध्यानमा राख्दै सन् २०२४ मा WHITLEY FUND FOR NATURE को पुरस्कार रकमबाट कास्की, स्याङ्जा, बागलुङ र म्याग्दीमा १०० वटा कृत्रिम गुँड राखिएका थिए। खुसीको कुरा, पहिलो वर्षमै आधाभन्दा धेरै गुँडमा विभिन्न चराहरू बस्न थाले। त्यसमध्ये ९ वटा गुँडमा तीन प्रजातिका लाटोकोसेरोले पनि बास बनाए। पहिलो प्रयासमै यस्तो नतिजा आउनु संरक्षणका लागि उत्साहजनक उपलब्धि हो।

तर सबै अनुभव सुखद भने रहेनन्। तीन वटा गुँड हराए वा चोरी भए। केही ठाउँमा लाटोकोसेरोले दुःख दिएको भन्दै गुनासा आउन थालेका छन्। एउटा गुँड त प्लास्टिक र बोराले समेत छोपिएको भेटियो। केही मानिसले फोन गरेर गुँड हटाइदिन आग्रह पनि गरेका छन्।

वास्तवमा यो ठाउँ पहिले चराहरूकै थियो। हामीले घर बनायौं, रूख काट्यौं, रातभरि बत्ती बाल्यौं, गाडी चलायौं र ठूलो आवाजमा संगीत बजायौं। यी सबै परिवर्तन उनीहरूले सहेर बसे। अहिले उनीहरूका लागि केही सुरक्षित गुँड बनाइदिँदा पनि त्यसलाई स्वीकार गर्न नसक्नु सोच्नुपर्ने विषय हो।

केही व्यक्तिको असहयोगले समग्र संरक्षण अभियान रोकिँदैन। तर चराको संरक्षण सफल बनाउन सबैको साथ भने आवश्यक हुन्छ। तर केहि संरक्षणकर्मीहरुले आफ्नै प्रयासमा कृत्रिम गुँडहरु बनाएर राखेका पनि छन् । चराहरूलाई सुरक्षित बासस्थान उपलब्ध गराइरहनुभएका सबैप्रति हार्दिक धन्यवाद।

# महाभारत र लाटोकोसेरो



राजु आचार्य
प्रकृतिका साथीहरु

महाभारत हिन्दू धर्मको प्रमुख महाकाव्य हो। यो १८ पर्व (मुख्य भाग) मा विभाजित छ। ती पर्वहरूभित्र करिब २,००० अध्याय र एक लाखभन्दा बढी श्लोक रहेका छन्। महाभारतमा लाटोकोसेरोलाई विभिन्न सन्दर्भमा उल्लेख गरिएको छ। कतै यसलाई बुद्धि र दूरदृष्टिको प्रतीक मानिएको छ भने कतै अशुभ, मृत्यु र दुर्भाग्यसँग जोडिएको छ। एउटा प्रसङ्गमा अश्वत्थामाले लाटोकोसेरोको राति सिकार गर्ने बानीबाट प्रेरणा लिएर पाण्डवमाथि रात्रि आक्रमणको योजना बनाएको उल्लेख छ। ब्राह्मणहरूले लाटोकोसेरो, केही अन्य चराचुरुङ्गी, मांसाहारी जनावर तथा जलचरको मासु खान नहुने उल्लेख पनि महाभारतमा पाइन्छ।

**शान्ति अध्याय**
काग र लाटोकोसेरोको कथामार्फत कटु वचनको नकारात्मक परिणामलाई प्रतीकात्मक रूपमा प्रस्तुत गरिएको छ।

**वन अध्याय**
वनवासका क्रममा लाटोकोसेरोको आवाजलाई द्रौपदीले अशुभ मानेकी थिइन्। तर युधिष्ठिरले त्यसलाई प्राकृतिक घटना मात्र भएको बताएका छन्।

वन अध्याय (अर्को प्रसङ्ग)
यस प्रसङ्गमा लाटोकोसेरोलाई मृत्युको पूर्वसूचना दिने चराका रूपमा चित्रण गरिएको छ।

**उद्योग अध्याय**
कुरु सभामा उल्लेख गरिएका विभिन्न चरामध्ये लाटोकोसेरोलाई पनि तीखो चुच्चो र डरलाग्दो स्वरूप भएको चराका रूपमा वर्णन गरिएको छ।

**सभा अध्याय**
पाण्डवहरूको राजमहलमा लाटोकोसेरोसहित विभिन्न चराचुरुङ्गी र जनावरका आकृतिहरूले सजाइएको उल्लेख छ। यसै प्रसङ्गमा प्रवरकर्ण नामक दीर्घायु लाटोकोसेरोको कथा पनि वर्णन गरिएको छ।

**आदि अध्याय**
ब्राह्मणको श्रापका कारण माण्डपाल ऋषि लाटोकोसेरो बनेको कथा उल्लेख छ। यसले श्रापको शक्ति र ब्राह्मणप्रतिको सम्मानलाई जोड दिन्छ।

समग्रमा, महाभारतमा लाटोकोसेरोलाई बुद्धि र दूरदृष्टिको प्रतीकका साथै अशुभ र दुर्भाग्यसँग पनि जोड्ने गरेको पाइन्छ।

## इसेवाको पहिलो उडान




नेपालमा निजी क्षेत्रले वन्यजन्तु संरक्षणमा प्रत्यक्ष सहयोग गरेका उदाहरण निकै कम छन्। यसैबीच, इसेवा प्राइभेट लिमिटेडले पहिलो पटक नेपाल लाटोकोसेरो तथा हुचील संरक्षण अभियानमा सहकार्य गर्दै सकारात्मक सन्देश दिएको छ। **लाटोकोसेरो संरक्षणका लागि CSR (सामाजिक उत्तरदायित्व) अन्तर्गत निजी कम्पनीबाट भएको यो पहिलो सहयोग हो।**

इसेवाले हालै सम्पन्न १३औँ नेपाल लाटोकोसेरो तथा हुचिल उत्सवमा विद्यालयमा सञ्चालन गरिएका लाटोकोसेरो संरक्षण सचेतना शिविर, प्रचार–प्रसार तथा उत्सवका विभिन्न क्रियाकलापलाई सहयोग गरेको थियो।"इसेवाले पनि वन्यजन्तुलाई माया गर्छ भन्ने कुरा पहिलो पटक थाहा पाएँ," पोखराका स्वयंसेवक तथा लामो समयदेखि लाटोकोसेरो संरक्षण अभियानमा सक्रिय केशव सापकोटाले भने।धनगढीबाट उत्सवमा सहभागी एक अवलोकनकर्ताले भने, "निजी क्षेत्रले चाहे संरक्षणमा ठूलो योगदान दिन सक्छ। यस्तो सहयोग मानिसका लागि मात्र होइन, चराचुरुङ्गीका लागि पनि महत्त्वपूर्ण हुन्छ। मैले यस्तो नौलो उत्सव पहिलो पटक देखेँ। निजी क्षेत्रको सहभागिताले अझ उत्साह थपेको छ।"

‘नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव’ विगत १३ वर्षदेखि नेपालका विभिन्न जिल्लामा आयोजना हुँदै आएको छ। यो उत्सव संरक्षण, संस्कृति र मनोरञ्जनको सुन्दर संयोजन हो। नेपालसँगै भारत, अमेरिका र इटालीमा पनि यस्ता उत्सव आयोजना हुने गरेका छन्।यस वर्षको १३औँ संस्करण दाङ जिल्लाको लमहीमा सम्पन्न भएको थियो। उत्सव दुई दिन सञ्चालन भए पनि विद्यालयमा सचेतना कार्यक्रम भने उत्सव सुरु हुनुभन्दा करिब तीन साताअघि नै सुरु गरिएको थियो। विद्यालय सचेतना शिविरसहित विभिन्न कार्यक्रममा गरी करिब ४,००० जना सहभागी भएका थिए। अब १४औँ नेपाल लाटोकोसेरो तथा हुचिल उत्सव जाजरकोट जिल्लाको बारेकोट गाउँपालिको लिम्सामा आयोजना हुने तयारी भइरहेको छ।

# विश्वकप फुटबल र लाटोकोसेरो

विश्वकप फुटबल २०२६ सुरु भएदेखि धेरै नेपालीजस्तै मेरो पनि दैनिकी फेरिएको छ। राति १-२ बजेसम्म जागेर खेल हेर्नु अहिले सामान्य भएको छ। साथीभाइसँग बसेर खेल हेर्ने, गोल हुँदा कराउने अनि बिहान निद्रा लाग्दै काममा जानुपर्ने अनुभव धेरै नेपालीका लागि अहिले साझा बनेको छ।



केशव राज सापकोटा
नागरिक वैज्ञानिक तथा लाटोकोसेरो संरक्षण दूत, हेमजा, कास्की

तर हामी विश्वकप हेरेर रात बिताइरहँदा, अर्को एउटा जीव भने हरेक रात आफ्नो नियमित काममा व्यस्त हुन्छ त्यो हो 'लाटोकोसेरो'। मैले पनि विश्वकप हेर्दै गर्दा घरको छतबाट बारम्बार लाटोकोसेरोको आवाज सुन्ने गरेको छु। त्यो आवाज कुनै टाढाको जंगलबाट होइन, मेरो आफ्नै घरको छतमा राखिएको कृत्रिम गुँडबाट आउँछ। प्रकृतिका साथीहरू संस्थाले WHITLEY PROJECT अन्तर्गत २०२४ मा राखेको कृत्रिम गुँड नम्बर १६ मा गत वर्ष गोठे लाटोकोसेरोले अण्डा पारेर सबै बच्चा सफलतापूर्वक हुर्काएको थियो।

खेलको हाफटाइममा कहिलेकाहीँ म बाहिर निस्केर लाटोकोसेरोलाई हेर्ने गर्छु। ऊ कहिले आफ्नो जोडीलाई बोलाइरहेको हुन्छ, कहिले शिकार खोजिरहेको हुन्छ। त्यसैमा रमाइरहेका बेला छिमेकीको घरबाट एक्कासि "गोल... गोल...!" भन्ने आवाज आउँछ। अनि बल्ल सम्झिन्छु, ए, विश्वकप त अझै चलिरहेको रहेछ!

विश्वकप केही हप्ताको मात्रै हो। त्यसका लागि हामीले केही दिन रात जाग्नु परेको छ। तर लाटोकोसेरोको संसार भने सधैं रातमै सुरु हुन्छ। हामी सुतिरहेका बेला उसले मुसा, सर्प र बालीमा क्षति पुर्‍याउने अन्य जीवहरूको शिकार गरेर किसानलाई सहयोग गरिरहेको हुन्छ। त्यसैले लाटोकोसेरोलाई किसानको साथी पनि भनिन्छ।





हामी रातभर जागेपछि बिहान थकाइ लाग्छ। निद्रा पुगेन भने दिनभर अल्छी लाग्छ। लाटोकोसेरोका लागि भने दिन नै आराम गर्ने समय हो। यदि त्यसलाई अनावश्यक रूपमा लखेट्यौं, ढुंगा हान्यौं वा गुँड नष्ट गर्‍यौं भने, रातभर काम गरेको एउटा जीवलाई विश्राम गर्न पनि दिइरहेका हुँदैनौं।

दुर्भाग्यवश, अझै पनि धेरै ठाउँमा लाटोकोसेरोलाई अशुभ मान्ने अन्धविश्वास छ। यही कारणले कतिपय ठाउँमा यसलाई दुःख दिने वा मार्ने घटनासमेत हुने गरेका छन्। तर वास्तविकता भने फरक छ। हामी सुतिरहेका बेला पनि यसले खेतबारी जोगाउने काम गरिरहेको हुन्छ।

यस विश्वकपले मलाई एउटा नयाँ कुरा महसुस गरायो। हामी केही साताका लागि मात्र रातको संसारसँग परिचित भएका छौं। तर लाटोकोसेरोको जीवन त हरेक रात यही जिम्मेवारीमा बितिरहेको हुन्छ।

त्यसैले अर्को पटक विश्वकप हेर्दै गर्दा वा राति कतैबाट लाटोकोसेरोको आवाज सुन्नुभयो भने, त्यसलाई अशुभ होइन, प्रकृतिको एउटा मेहनती साथीको रूपमा सम्झिनुहोस्।

# लाटोकोसेरोकोले पालेको सर्प !

लाटोकोसेरो रातको कुशल शिकारी चरा हो। मुसा, छेपारो, भ्यागुता र साना चराहरू यसको मुख्य आहारा हुन्। तर के तपाईंलाई थाहा छ, एउटा लाटोकोसेरोले कहिलेकाहीँ सिकार गरेको सर्पलाई नखाई नखाई आफ्नै गुँडमा "पालेर" राख्छ?

**सुन्दा अचम्म लागे पनि यो सत्य हो।**

अमेरिकामा पाइने इस्टर्न स्क्रिच आउल *(EASTERN SCREECH OWL)* ले कहिलेकाहीँ टेक्सास ब्लाइन्ड स्नेक *(TEXAS BLIND SNAKE)* नामको सानो, विषरहित सर्पलाई जिउँदै गुँडमा ल्याउने गरेको वैज्ञानिकहरूले पत्ता लगाएका छन्। सुरुमा अनुसन्धानकर्ताहरूले यसलाई संयोग मात्र ठाने। तर लामो अध्ययनपछि उनीहरूले एउटा रोचक तथ्य फेला पारे।

यो सानो सर्पले लाटोकोसेरोका चल्लालाई केही पनि हानि गर्दैन। बरु गुँडभित्र रहेका कमिला, झिँगा, किराका लार्भा र अन्य साना परजीवी खाएर गुँड सफा राख्न मद्दत गर्छ। यसले चल्लाहरूलाई परजीवीबाट बचाउन सहयोग पुग्छ र उनीहरूको बाँच्ने सम्भावना पनि बढ्छ।अझ रोचक कुरा, यस्ता सर्प भएका गुँडमा हुर्किएका चल्लाहरू अन्य गुँडका चल्लाभन्दा बढी स्वस्थ र सफलतापूर्वक उड्न सकेको वैज्ञानिक अध्ययनले देखाएको छ।

सन् २०२५ मा प्रकाशित अर्को अध्ययनले *EURASIAN WORM SNAKE (*विषरहित सानो सर्प*)* पनि युरेसियन स्कोप्स लाटोकोसेरोको गुँडमा बस्ने गरेको देखायो। यसले पनि गुँडभित्रका कमिला र अन्य साना कीरा खाएर गुँड सफा राख्न सहयोग गरेको भेटियो। यस्तो सर्प भएका गुँडबाट बढी चल्लाहरू सफलतापूर्वक उड्न सकेका थिए।

वैज्ञानिकहरू अझै पनि एउटा प्रश्नको उत्तर खोजिरहेका छन् , के लाटोकोसेरोले यो सर्पलाई जानाजानी गुँडमा ल्याउँछ, वा यो केवल संयोग हो? जे भए पनि, चराचुरुङ्गी र सर्पबीचको यस्तो सहकार्य प्रकृतिका सबैभन्दा अनौठा सम्बन्धहरूमध्ये एक मानिन्छ।

केही अन्य चराहरू, जस्तै बरोइङ लाटोकोसेरो *(BURROWING OWL)*, अमेरिकन केस्ट्रेल र ब्लुबर्ड ले भने जीवित सर्प होइन, सर्पले फालेको काँचुली गुँड वरिपरि राख्ने गरेको पाइन्छ। यसले शत्रुलाई झुक्याउन वा गुँडको सुरक्षा बढाउन मद्दत गर्न सक्ने वैज्ञानिकहरूको अनुमान छ, तर यसको कारणबारे अझै अध्ययन भइरहेको छ।

# संरक्षणकर्मी र संस्थालाई सम्मान

१३औँ नेपाल लाटोकोसेरो तथा हुचील उत्सव, २०२६ का अवसरमा प्रकृति तथा जैविक विविधता संरक्षणमा योगदान पुर्‍याउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यक्तित्व, स्थानीय संरक्षणकर्मी तथा संस्थाहरूलाई सम्मान तथा पुरस्कार प्रदान गरिएको छ। दाङको लमहीस्थित अजम्मरी जैविक विविधता हरित पार्कमा आयोजित उत्सवमा संरक्षण क्षेत्रमा उल्लेखनीय काम गरेका व्यक्ति र संस्थाहरूलाई कदरस्वरूप सम्मान गरिएको हो।

यस वर्षको **'प्रकृति संरक्षण पुरस्कार'** नर्वेका लाटोकोसेरो अनुसन्धानकर्ता **डा. रोअर सोल्हेम**, नेपालका चरा तथा र्‍याप्टर विज्ञ **डा. तुलसीराम सुवेदी**, वातावरण तथा वन्यजन्तु पत्रकार **दधी सापकोटा** तथा बर्डलाइफ इन्टरनेशनलका वरिष्ठ संरक्षण विज्ञ **डा. हुमबहादुर गुरुङ**लाई प्रदान गरिएको छ। उहाँहरूले लाटोकोसेरो तथा अन्य वन्यजन्तुको अध्ययन, अनुसन्धान, संरक्षण र जनचेतना फैलाउन पुर्‍याएको योगदानको कदर गर्दै सम्मान गरिएको हो।त्यसैगरी, स्थानीय संरक्षण पुरस्कार पत्रकार तथा सर्प उद्धारक **कुलदीप न्यौपाने** र **कालिका सामुदायिक वन उपभोक्ता समूह**, राप्ती गाउँपालिका-२, देउखुरी, दाङलाई प्रदान गरिएको छ। वन्यजन्तु संरक्षण, वातावरणीय जनचेतना र सामुदायिक वन संरक्षणमा पुर्‍याएको योगदानका लागि उहाँहरू सम्मानित हुनुभएको हो।

उत्सवका अवसरमा संस्थागत सम्मान पनि प्रदान गरिएको छ। यस अन्तर्गत **खैरेनी सामुदायिक वन उपभोक्ता समूह**, रामपुर,पाल्पा र **बर्ड कन्जर्भेसन नेपाल, पोखरा शाखा**लाई सम्मान गरिएको छ। चरा संरक्षण, प्राकृतिक बासस्थानको संरक्षण, समुदायसँगको सहकार्य तथा वातावरणीय शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुर्‍याएकाले यी संस्थाहरूलाई सम्मान प्रदान गरिएको हो।



**डा. रोअर सोल्हेम** **दधी सापकोटा** **डा. हुमबहादुर गुरुङ**

# पत्रकारको आँखामा ‘लाटोकोसेरो तथा हुचील उत्सव’

फोटोहरु : कृष्ण मणि बराल
पोखरा









# पत्रकारको आँखामा ‘लाटोकोसेरो तथा हुचिल उत्सव’











# पत्रकारको आँखामा 'लाटोकोसेरो तथा हुचिल उत्सव'






## ‘लाटोकोसेरो तथा हुचिल उत्सव’को सम्झनामा प्रकाशित पोस्टर



# लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु



जेठ ९, २०८३: जोरपाटीमा एक स्थानीयको घरमा राखिएको अवस्थामा खिचिएको लाटोकोसेरो। हाल यसको अवस्था अज्ञात छ। **फोटो : सुरेश भट्टराई**



जेठ १, २०८३: पर्साको ठोरी गाउँपालिकामा स्थानीय अभिन जंग कार्कीले घरमा देखिएका दुई साना लाटोकोसेरोको तस्बिर फेसबुकमा साझा गर्दै लेखेका थिए, “प्रकृतिको सुन्दरता हाम्रो घरको सानो कुनामा। यी दुई साना पाहुनाहरू (लाटोकोसेरो) देख्दा मनै फुरुङ्ग भयो।”
**फोटो** : अभिन जंग कार्की।

# लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु




काठमाडौंका राजेन्द्र महर्जनले जेस्ठ महिनामा उद्धार गरिएको एक घाइते गोठे लाटोकोसेरोलाई एक हप्तासम्म घरमै स्याहार गरे। स्वास्थ्यमा सुधार आएपछि उनले त्यसलाई पुनः प्राकृतिक बासस्थानमै छाडे। यो घटना वन्यजन्तुप्रतिको माया, जिम्मेवारी र संरक्षणको सानो तर प्रेरणादायी उदाहरण हो।

**काठमाडौं थानकोटका विशाल सिलवालको परिवारले घरभित्र पसेको घाइते कोचलगाँडे लाटोकोसेरोको बच्चालाई उद्धार गरी केही समय सुरक्षित रूपमा संरक्षण गरेपछि सकुशल पुनःस्थापना गर्नुभएको छ। धेरै धेरै धन्यवाद छ।**

बिर्तामोडमा अनुप लुइँटेल द्वारा उद्दार गरिएको गोठे लाटोकोसेरोको उचित ब्यबस्थापनको लागि फेसबुकबाट अनुरोध गरिए पनि पछिल्लो अवस्था अज्ञात ।



# लाटोकोसेरो सम्बन्धि समाचार, उद्दार अन्य जानकारीहरु





म्याग्दी जिल्लाको बगरफाँट क्षेत्रमा २०८३/०४/०८ गते  स्थानीय बासिन्दाले ROCK EAGLE OWL उद्धार गरेका छन्। BLACK KITE को आक्रमणबाट घाइते भएको उक्त हाप्सिलो म्याग्दी नदीको किनार नजिकैको झाडीमा फेला परेको हो। उक्त स्थान समुदायस्तरमा संरक्षण सचेतना तथा संरक्षण शिविर सञ्चालन गरिएको क्षेत्र पनि हो। यस घटनाले वन्यजन्तु संरक्षणमा स्थानीय समुदायको सक्रिय सहभागिता र समयमै गरिएको उद्धारको महत्त्वलाई पुनः उजागर गरेको छ।

**फोटो** : अज्ञात



प्रवास (MIGRATION) को समयमा इलामको जौबारी  (२६०० मिटर) क्षेत्रमा अभिलेख गरिएको लामकाने लाटोकोसेरो (LONG-EARED OWL)। जाडोयाम तथा बसाइँसराइको समयमा नेपालका केही उच्च पहाडी क्षेत्रमा यसको उपस्थिति अभिलेख हुने गर्दछ। यस्ता अभिलेखहरूले नेपालमा प्रवासी चराचुरुङ्गीको संरक्षण तथा अध्ययनमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछन्।

**फोटो** : सागर विश्वकर्मा




लाटोकोसेरो उत्सवमा स्वयंसेवकहरूले तयार पारेको अस्थायी संग्रहालय सबैको आकर्षणको केन्द्र बन्ने गर्छ। यहाँ लाटोकोसेरो, यसको आहारका नमुना, तस्बिर, उपकरण तथा संरक्षणसम्बन्धी जानकारीमूलक सामग्री प्रदर्शन गरिन्छ। यस संग्रहालयबाट आगन्तुकहरूले लाटोकोसेरोको बासस्थान, महत्व र संरक्षणबारे सरल र उपयोगी जानकारी प्राप्त गर्न सक्छन्।

## प्रकृतिका साथीहरुको चौमासिक प्रकाशन हाप्सिलो


**अवधारणा :** राजु आचार्य र यादव घिमिरे

**सम्पादक :** राजु आचार्य

लेख, रचना तथा सम्पर्कका लागि

rajuhugu_13@yahoo.com